

# नेपाल

## २०१६ जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण

## प्रजनन्

नेपालमा एउटा महिलाले औसतमा २.३ बच्चाहरु जन्माउँछन् । सन् १९९६ (४.६ बच्चाहरु प्रति महिला) देखि नेपालमा प्रजनन् दर निरन्तर रुपमा घट्दै गएको छ ।

**कुल प्रजनन् दरको प्रवृति**

*प्रति महिला जन्म संख्या*
*(सर्वेक्षण भन्दा ३ वर्ष अघि यताको समय अवधिमा)*




## परिवार नियोजन

बिवाहित महिलाहरुमा आधुनिक परिवार नियोजनका साधन/सेवाहरुको प्रयोग सबैभन्दा कम प्रदेश ४ मा ३७% छ भने सबैभन्दा बढि प्रदेश ३ मा ४९% छ ।

**प्रदेश अनुसार आधुनिक परिवार नियोजनका साधन/सेवाहरुको प्रयोग**

*१५-४९ वर्षका विवाहित महिलाहरुले आधुनिक परिवार नियोजनका साधन/सेवाहरुको प्रयोग गर्नेहरुको प्रतिशत*




## बाल-मृत्यु

सन् १९९६ देखि यता बाल-मृत्यु दरमा धेरै नै कमि आएको छ । अझै पनि नेपालमा प्रत्येक २५ बच्चाहरु मध्ये १ बच्चाको ५ वर्ष नपुग्दै मृत्यु हुने गर्दछ ।

**बाल-मृत्युको प्रवृति**

*सर्वेक्षण भन्दा अघिको पाँच वर्ष यताको अवधिमा*
*प्रति १००० जिवित जन्ममा मृत्यु हुने बच्चाको संख्या*




## मातृ स्वास्थ्य

सन् २००१ देखि यता नेपालमा धेरै महिलाहरुले गभवर्ती सेवा दक्ष-स्वास्थ्यकर्मीहरुबाट लिने गरेका छन् । धेरै महिलाहरुले ४ वा सो भन्दा बढी पटक गर्भवती सेवा लिने गरेका छन् । स्वास्थ्य संस्थामा बच्चा जन्माउनेहरुको प्रतिशत सन् १९९६ मा ८% थियो भने सन् २०१६ मा उल्लेखनिय रुपले बढेर ५७% पुगेको छ ।

**मातृ-स्वाथ्यको प्रवृति**

*सर्वेक्षण भन्दा ५ वर्ष अघि यताको समय अवधिमा सबैभन्दा पछिल्लो जिवित बच्चा जन्माउने १५-४९ वर्षका महिलाहरुको प्रतिशत*




*सर्वेक्षण भन्दा ५ वर्ष अघि यताको समय अवधिमा जिवित बच्चा



© 2013 Valerie Caldas, JHU/CCP, Courtesy of Photoshare



© 2013 Valerie Caldas, JHU/CCP, Courtesy of Photoshare

## पोषण

सन् १९९६ देखि बाल-बालिकाहरुको पोषणको स्थितिमा सुधार भएको छ । हाल ३६% पाँच वर्ष मुनिका बालबालिकाहरुमा पुड्कोपन, २७% मा कम तौल र १०% मा ख्याउटेपन भएको पाईएको छ ।

**बाल-बालिकाहरुको पोषणको स्थिति प्रवृति**

*विश्व स्वास्थ्य संगठनको बालबृद्धि मापदण्डको आधारमा*
*५ वर्ष मुनिका बाल-बालिकाहरुको प्रतिशत*




## उच्च रक्तचाप

नेपालमा १५ वर्ष भन्दा माथिका १७% महिला र २३% पुरुषहरुमा उच्च रक्तचाप भएको पाईएको छ । धेरै मोटो महिला र पुरुषहरुमा उच्च रक्तचाप हुने सम्भावना बढि हुने गरेको पाईएको छ ।

**पोषणको स्थिति अनुसार उच्च रक्तचापको दर**

*१५ वर्ष र सो माथीका पुरुष र महिलाहरुको उच्च रक्तचापको प्रतिशत*




USAID FROM THE AMERICAN PEOPLE

New ERA

Ministry of Health